# तादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# खरानीटार, नुवाकोट

तेस्रो गाउँसभामा अध्यक्ष ज्यूबाट
आ.व २०७५/०७६ को लागि
प्रस्तुत बजेट बक्तब्य, नीति तथा कार्यक्रम र बजेट

२०७५/०३/१०

यस तेस्रो गाउँसभामा गाउँपालिकाको तर्फबाट गाउँपालिकाको समष्टिगत विकासको लागि आ.व २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न यस गरिमामय सभामा यहांहरु सामु म उपस्थित भएको छु । गाउँपालिकाको विकासको मार्गचित्ररुपी यो नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा मलाई निकै खुसिको अनुभुति भएको छ । मलाई आशा एबं विस्वास छ की यो नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन मार्फत हामिले देखेको आत्मनिर्भर, समुन्नत र समुद्ध तादीको सपना साकार हुनेछ । नेपालको बर्तमान संबिधानले स्थानीय तहलाई स्थानीय सरकारको रुपमा अधिकार प्रदान गरेको परिप्रेक्षमा हामीले यस क्षेत्रका जनतालाई नजिकको सरकारको अनुभुति दिलाउनु तपाई हामी सबैको जिम्मेवारी र दायित्व रहेको म अवगत गराउन चाहान्छु ।

भु - धरातलीय दृष्टिकोण बाट केहि नमिलेको भुबनोट भएता पनि यस तादी गाउँपालिकामा विकासका प्रशस्त संभावनाहरु रहेका छन । यहांको भौगोलिक तथा सांस्कृतिक विविधता, कला र संस्कृतिको सुसम्पन्नता संगै प्राकृतिक श्रोत साधनको प्रचुरता जस्ता विशिष्टताहरुको सुव्यवस्थित र योजनाबद्ध उपयोगद्धारा तादीबासीहरुको जीवनमा देखिने गरी सकारात्मक परिवर्तन ल्याउन प्रस्तुत नीति तथा कार्यक्रमले महत्वपुर्ण योगदान गर्ने छ भन्ने मैले पुर्ण विस्वास लिएको छु ।

प्रशस्त सम्भावनाका बावजुद पनि हामिले भौतिक पुर्वाधार, कृषि, पर्यटन जस्ता क्षेत्रको अपेक्षित विकास गर्न नसकेको यथार्थ हामि सामु छ । बिशेष गरी गाउँपालिकाको भौगोलिक रुपमा विकट क्षेत्र र पिछडिएको समुदायमा बिद्यमान गरिबी न्युनिकरण गर्ने, बेरोजगारी घटाउने, स्वास्थ्य सुबिधाको विस्तार र गुणस्तरिय शिक्षामा सबैको पहुंच सुनिश्चित गर्ने जस्ता पक्षमा हाम्रा स्रोत साधनहरुलाई परिचालन गर्न आवश्यक देखिन्छ । विकासको मुख्य संभावनाको रुपमा रहेको प्राकृतिक श्रोत साधन, सांस्कृतिक विविधता, पर्यटकिय संभाब्यता कृषि तथा पशुपालन ब्यवसाय लगायत आर्थिक रुपमा सक्रिय जनसंख्याको उपयोग नै तादी गाउँपालिकाको विकासको ढोका खोल्ने माध्यम रहेका छन ।

सीमित साधनश्रोतबाट जनताका असिमित आवश्यकता सम्वोधन गर्नुपर्ने, कानुनी तथा प्रकृयागत अन्यौलताका कारण आन्तरिक स्रोत अपेक्षित रुपमा परिचालन गर्न नसकिनु, केन्द्रबाट आवश्यक जनशक्ति ब्यवस्था नहुंदा सोचेअनुरुप नजिकबाट जनताहरुलाई सेवा प्रदान गर्न नसकिनु र आवश्यक भौतिक पुर्वाधार को कमी जस्ता चुनौती हाम्रो सामु रहेका छन ।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

हामिले गत आ.व. को प्रथम गाउँसभाबाट स्वीकृत गरेको नीति तथा कार्यक्रम र बजेटले यस गाउँपालिका क्षेत्रको समग्र विकासको लागि केहि आधारहरु खडा भएको मैले महसुस गरेको छु । लामो समय सम्मको जनप्रतिनिधि बिहिनताको अवस्थाको अन्त्य भई जनप्रतिनिधिमार्फत छनौट तथा स्वीकृत गरिएका विकास योजना तथा कार्यक्रमबाट जनताले अनुभुत गर्नेगरी केहि उपलब्धि हासील भएको छ भन्ने मलाई लागेको छ । गत आ.व.मा स्वीकृत तथा चालु आ.व.मा कार्यान्वयनमा आएका विकास योजना तथा कार्यक्रमबाट हासिल भएका उपलब्धिहरुलाई म यहांहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(१) यस तादी गाउँपालिका लाई सरसफाईयुक्त गाउँपालिकाको पहिचान दिलाउन र राष्ट्रिय लक्ष्य पुरा गर्न गाउँपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरिएको ।

(२) सामुदायिक बिद्यालयको शैक्षिक गुणस्तर बृद्धिगर्न बिभिन्न बिद्यालयहरुमा अंग्रेजी शिक्षक लगायत बिभिन्न बिषयका शिक्षकहरुको ब्यवस्था गरिएको ।

(३) गाउँपालिका क्षेत्रका स्वास्थ्य संस्थालाई पुर्वाधार सम्पन्न गराउन आवश्यक सहयोग गरिएको । गाउँपालिकाको वडा नं ५ मा नयां स्वास्थ्य चौकी स्थापना गरिएको छ । त्यसै गरी खरानीटारमा रहेको प्राथमिक स्वास्थ्य केन्द्र को सेवा लाई प्रभावकारी बनाउन थप जनशक्ती र आवश्यक प्रविधि तथा उपकरणको ब्यवस्था गरिएको ।

(४) गाउँपालिका क्षेत्रभित्र रहेका काठका बिद्युतिय पोलहरु बिस्थापित गर्ने कार्यको शुरुवात गरिएको । चालु आ.व. मा २५० थान पोल खरिद गरिएको साथै बिद्युत विकास शाखा त्रिशुली शाखा संग समन्वयगरी बिद्युत पोलहरु उपलब्ध गराईएको ।

(५) बैकल्पीक उर्जा प्रवर्द्धन केन्द्र संगको सहकार्यमा गाउँपालिकाको बजार क्षेत्रमा सौर्य सडक बत्ति जडान गरिएको ।

(६) भौगोलिक तथा विकासका दृष्टिले विकट मानिएको यस गा.पा. को वडा नं- १ उर्लेनीमा सहज आवत जावतको सुबिधा उपलब्ध गराउन खरानीटार- टुटुङ- हुँदै उर्लेनी जोड्ने, गाउँपालिका केन्द्र बाट छोटो दुरीको सडक को बिस्तृत परियोजना प्रतिवेदन (डी.पी.आर) तयार गरी नयां ट्र्याक खोल्ने कार्य सम्पन्न गरी स्तरोन्नती गरिएको ।

(७) सबै वडा का जनताहरु लाई सडक पहुंच पुर्‍याउन सवै वडाहरुका ग्रामिण सडकहरुको नयाँ ट्र्याक खोल्ने कार्य सम्पन्न गरिएको ।

(८) “जेष्ठ नागरिक संग अध्यक्ष” कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवाको पहुंच पुग्न नसकेको सबै वडाका जेष्ठ नागरिकहरुको समुदायमा नै गई स्वास्थ्य परिक्षण र स्वास्थ्य परामर्श प्रदान गरिएको ।

(९) “महिला संग उपाध्यक्ष” कार्यक्रम अन्तर्गत महिलाहरुको सीप विकास, आयआर्जनमुलक कार्यक्रम संचालन गरिएको ।

(१०) बैदेशिक रोजगारीमा जाने तथा स्वदेशमा नै रोजगारीको खोजीमा रहेका यूवाहरुको लागि युवा लक्षित सीपमुलक कार्यक्रम मार्फत बिभिन्न सीपमुलक र रोजगारमुलक तालिम प्रदान गरिएको ।

(११) दलित, विपन्न र कमजोर आर्थिक अवस्था भएका छात्र/छात्राहरुको लागि उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति रकम उपलब्ध गराईएको ।

(१२) गाउँपालिका क्षेत्र लाई कुपोषण मुक्त वनाउन बालपोषण कार्यक्रम संचालन गरिएको ।

(१३) विभिन्न जनजातिहरुको विविध संस्कृतिहरुको संरक्षण र प्रवर्द्धन गर्न विविध कार्यक्रमहरु संचालन गरिएको ।

(१४) गाउँपालिका क्षेत्रभित्रको कृषि योग्य भुमिको उपयोग र उत्पादन बढाउन बिभिन्न सिंचाई आयोजना सम्पन्न गरिएको ।

(१५) गाउँपालिका क्षेत्र भित्रका बिभिन्न स्थानमा रहेको मठमन्दिर कोत घरहरुको संरक्षण, मर्मत सम्भार, पुनर्निर्माण गरिएको ।

(१६) गाउँपालिका क्षेत्र भित्रका पर्यटकिय संभावनाको उपयोग गर्न वडा नं ४ को बाघमारामा पर्यटन पुर्वाधार निर्माण गरिएको साथै वडा नं १ उर्लेनीमा होम स्टे तालिम संचालन र खरानीटार-काल्चे-राउचुली -गोसाईकुण्ड-लौरीबिनायक ट्रेकिङ रुट दर्ता तथा Home Stay को संभाब्यता अध्ययन गरिएको ।

(१७) बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा भुकम्प पिडितहरुको लागि १०००। थान सौर्य टुकी वितरण गरिएको । साथै गा.पा कार्यालय र प्राथमिक स्वास्थ्य केन्द्र खरानीटार मा १२०० वाट क्षमताको सौर्य प्रणाली जडान गरिएको ।

(१८) गाउँपालिकाको बस्तुगत विवरण सहितको पार्श्वचित्र [Rural Municipal Profile]  तयार गरिएको ।

(१९) गाउँपालिकाको योजनाबद्ध रुपमा दिगो बिकास गर्ने लक्ष्यका साथ गाउँपालिकाको बृहत्तर विकास गुरुयोजना तयार गर्ने कार्य अगाडी बढाईएको ।

(२०) गाउँपालिकाको आन्तरिक आय बढाउनको लागि राजस्व सुधार योजना तयार गरी कार्य अगाडी बढाएको ।

## सम्मानित सभाका सदस्य ज्यूहरु :-

अव म आगामी आ.व २०७५/०७६ को लागि गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**सोच :- "आत्मनिर्भर, समुन्नत र समृद्ध तादी निर्माण"** को आधार खडा गर्ने ।

**लक्ष्य :-** प्रचुर संभावना रहेको जलश्रोतको उपयोग, कृषिको आधुनिकिकरण ब्यवसायीकरण र बजारीकरण, पर्यटन पुर्वाधार निर्माण, संस्कृति संरक्षण र प्रवर्द्धन तथा दिगो पुर्वाधार निर्माण मार्फत तादी गाउँपालिका लाई आत्मनिर्भर, समुन्नत र समुद्ध बनाउने ।

## उद्देश्य :-

आगामि आ.व. २०७५/०७६ को बजेटमा निम्न उदेश्य तय गरिएको छ ।

(क) गाउँपालिका बासीहरुलाई आत्मनिर्भरता तर्फ उन्मुख गराउने ।
(ख) सबै खेतियोग्य जमिनमा सिंचाईको सुबिधा उपलब्ध गराउने,
(ग) कृषि क्षेत्रको आधुनिकिकरण, यान्त्रिकिकरण, ब्यवसायीकरण र बजारिकरण गर्ने,
(घ) पर्यटन क्षेत्रको विकास मार्फत रोजगारी सिर्जना गर्ने,
(ङ) शिक्षाको गुणस्तर बृद्धि गर्ने,
(च) सबै तादीबासीलाई गुणस्तरिय स्वास्थ्य सेवाको पहुंच पुऱ्याउने,
(छ) दिगो पुर्वाधार निर्माणमा जोड दिने,
(ज) गाउँपालिकाका सबै वडाहरुमा सडक यातायात सुबिधा उपलब्ध गराउने ।

## बजेट तर्जुमा गर्दा लिईएको आधारहरु :-

- नेपालको संबिधानले परिलक्षित गरेका निर्देशक सिद्धान्त र नीतिहरु,
- चौधौं योजना २०७३/०७४-०७५-०७६ ले निर्धारण गरेको उदेश्य र प्राथमिकताहरु,
- स्थानीय सरकार संचालन ऐन-२०७४,
- दिगो विकास लक्ष्य,
- नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेका बिभिन्न समयका मार्गदर्शन तथा परिपत्रहरु,
- नेपाल सरकार अर्थमन्त्रालयबाट प्राप्त निर्देशन तथा परिपत्रहरु,
- वडा समितिबाट बजेट तर्जुमा समिति हुंदै सहभागितामुलक योजना तर्जुमा प्रक्रिया द्धारा प्राथमिकिकरण सहित प्राप्त आयोजना तथा सुझावहरु,

**आगामि आर्थिक बर्ष २०७५/०७६ को बजेट तर्जुमा गर्दा देहायका क्षेत्रलाई प्राथमिकता दिईएको छ :-**

(१) समावेसी आर्थिक विकास र रोजगारी,
(२) पिछडिएको बर्ग तथा क्षेत्रको लागि बिशेष कार्यक्रम,
(३) दिगो भौतिक पुर्वाधार,
(४) कृषि क्षेत्रको आधुनिकिकरण, यान्त्रिकिकरण, ब्यवसायीकरण र बजारीकरण,
(५) शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई लगायतका सामाजिक विकासका क्षेत्रमा सबै नागरिकको सहज पहुंच
(६) सुशासन र सार्वजनिक सेवा प्रवाहमा सुधार,
(७) बातावरण संरक्षण र विपद ब्यवस्थापन,
(८) खेतियोग्य जमिनमा सिंचाईको पुर्णता,

**गाउँपालिकाको योजना तर्जुमा गर्दा अवलम्वन गरिएका क्षेत्रगत नीतिहरु,**

## आर्थिक विकास सम्वन्धी नीतिहरु :-

- गाउँपालिका क्षेत्रभित्रको सबै खेतियोग्य जमिनमा सिंचाई सुबिधा उपलब्ध गराईने छ ।
- **"बांझो जग्गा बिहिन गाउँपालिका, हराभरा गाउँपालिका"** को निर्माण गर्न जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ ।
- कृषि तथा पशु पालन सम्वन्धी प्राबिधिक परामर्श उपलब्ध गराउन "एक वडा एक प्राविधिक" को नीति कार्यान्वयन गरिनेछ ।
- ब्यवसायीक पशुपालन लाई प्रवर्द्धन गर्न, पशु विकासका विविध कार्यक्रमहरु संचालन गरिने छ ।

- कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिई कृषि व्यवसायको आधुनिकिकरण, यान्त्रिकिकरण र बजारीकरणमा जोड दिईने छ । कृषकहरुलाई आधुनिक कृषि औजार उपलब्ध गराईनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका पर्यटकिय संभावनाका क्षेत्रहरुमा पर्यटकिय पुर्वाधारहरु निर्माण गरिनेछ । गोसाईकुण्ड जाने पैदल मार्ग मध्ये मुख्य मार्गको रुपमा यस गाउँपालिका क्षेत्रको मार्ग कायम गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका संभावित समुदायहरुमा होमस्टे संचालनमा ल्याईनेछ ।
- सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गर्दै सहकारीहरुको व्यवसायीकरणमा जोड दिईनेछ ।
- गाउँपालिका क्षेत्रभित्र संचालित बित्तीय संस्थाहरुलाई विपन्न र पिछडिएको समुदायमा परिचालन गर्न प्रोत्साहन गरिनेछ ।

## सामाजिक विकास :-

- गुणस्तरीय शिक्षा लाई अधिकारको रुपमा स्थापीत गरिने छ ।
- सामुदायिक बिद्यालयहरुको शैक्षिक अवस्थामा गुणात्मक सुधार गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र विभिन्न बिषयको प्राविधिक शिक्षा संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- **“स्वच्छ र सफा पिउने पानी : स्वस्थ जिन्दगानी”** लाई सफलीभुत पार्न गाउँपालिकाका सबै बस्ती र समुदायमा स्वच्छ र सफा पिउने पानी उपलब्ध गराईने छ ।
- समुदायमा आधारित पुर्ण सरसफाई कार्यक्रम संचालन गरिनेछ ।
- विविधता वीचको एकता कायम गर्दै विविध सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिने छ ।
- तामाङ जातिहरुको भेषभुषा र संस्कृतिको संरक्षण गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।

## खेलकुद तथा मनोरञ्जन

- गाउँपालिका क्षेत्रभित्रका युवाहरुलाई खेलकुदको क्षेत्रमा क्रियाशील गराउन विविध खेलकुद कार्यक्रमहरु आयोजना गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका युवाहरुको सिर्जनशिलता विकासको लागि युवा क्लवहरुलाई क्रियासील गराउन आवश्यक सहयोग गरिनेछ ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण

- लैङ्गिक हिंसा, मानव बेचबिखन लगायतका सबै किसिमका हिंसाहरुको अन्त्यको लागि बिभिन्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- महिलाहरुको प्रतिस्पर्धात्मक क्षमता विकास र सशक्तिकरणको लागि विविध कार्यक्रम संचालन गरिनेछ ।
- महिलाहरुको स्वास्थ्य संवेदनशीलता लाई मध्यनजर गर्दै **“महिलासंग उपाध्यक्ष”** कार्यक्रम मार्फत महिला प्रजनन स्वास्थ्य सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

- आयोजना कार्यान्वयनमा महिलाहरुको सहभागिता बढाउन र निर्णय प्रक्रियामा महिलाको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक बिभेदलाई कम गर्ने नीति अवलम्वन गरिनेछ ।
- दलित, जनजाति तथा आदिवासीहरुको जीवनस्तरमा सुधार ल्याउन आयआर्जन र सीप विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

## स्वास्थ्य तथा सरसफाई

- स्वास्थ्य सेवालाई आधारभुत अधिकारको रुपमा स्थापीत गर्दै गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुंच कायम गरिने छ ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरु लाई पुर्वाधार सम्पन्न गराईने छ ।
- अधिकांश महिलाहरु प्रजनन स्वास्थ्य सम्वन्धी समस्या बाट ग्रसित रहेको अवस्थालाई दृष्टिगत गर्दै महिला प्रजनन स्वास्थ्य सम्वन्धी बिशेष कार्यक्रम संचालन गरिनेछ ।
- प्राथकिम स्वास्थ्य केन्द्र खरानीटारको सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन आवश्यक औजार उपकरण र जनशक्तिको ब्यवस्था गरिनेछ ।
- गाउँघर क्लिनिक कार्यक्रमको प्रभावकारीता बढाईने छ ।
- **“जेष्ठ नागरीक संग अध्यक्ष”** कार्यक्रम मार्फत जेष्ठ नागरिक कल्याण सम्वन्धी कार्यक्रम संचालन गरिने छ ।
- बिभिन्न सरोकारवालाहरुको सहकार्य र साझेदारीमा यस गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गरिने छ ।
- कुपोषण रहित गाउँपालिका निर्माण गर्न बालपोषण कार्यक्रम लाई निरन्तरता दिईने छ ।
- अपाङ्गता भएका ब्यक्तिहरुको विवरण तयारपारी उपयुक्त कार्यक्रम संचालन गरिनेछ ।
- दलित, आदिवासी तथा जनजातिहरुको परम्परागत पेशालाई आधुनिकिकरण गरी जीवनयापनको आधार बनाउन लक्षित कार्यक्रम संचालन गरिने छ ।
- सबै किसिमका सामाजिक बिभेद हटाउन विविध कार्यक्रमहरु संचालन गरिनेछ ।

## पुर्वाधार विकास :-

- **“विकासको मुख्य आधार : दिगो पुर्वाधार”** भन्ने अभियान लाई अगाडी बढाउँदै पुर्वाधार निर्माणमा दिगोपना सुनिश्चित गरिनेछ ।
- ग्रामिण सडकहरुको स्तरोन्नती गर्दा अनिवार्यरुपमा नाली निर्माण गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयनमा ल्याईने छ ।
- सडकहरुको बर्गिकरण र स्तरीकरण गर्न “नगर यातायात गुरुयोजना” निर्माण गरिनेछ । साथै सडकहरुको प्रकृति अनुरुप मापदण्ड निर्धारण गरी कडाईकासाथ कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको केन्द्र रहेको क्षेत्र खरानीटार आसपास भविष्यमा बस्ति विकास बढ्दै जाने संभावनालाई मध्यनजर गर्दै यस क्षेत्रको योजनाबद्ध विकासको लागि एकिकृत शहरी विकास योजना तयार गरी कार्यान्वयनमा लगिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेको सिंचाई कुलोहरुको मर्मत संभार लाई उच्च प्राथमिकता दिईनेछ ।
- गाउँपालिका क्षेत्रभीत्र निर्माण हुने सबै भवनहरुको नक्सापास अनिवार्य गरिने छ । निर्माण भैसकेका घरहरुलाई आवश्यक मापदण्ड तयार गरी नक्सापासको प्रक्रियामा ल्याईनेछ ।

- गाउँपालिका बजार क्षेत्रहरुमा थप सौर्य सडक बत्ति जडान गरिने छ ।
- गाउँपालिकाका सबै वडाहरुलाई प्रविधिमैत्री बनाउन वडा कार्यालयहरुमा आवश्यक जनशक्ति तथा संचार पुर्वाधार व्यवस्थापनमा जोड दिईने छ ।

## वातावरण तथा विपद व्यवस्थापन :-

- गाउँपालिका क्षेत्रभित्रका सबै सामुदायीक बनको संरक्षण गर्न सामुदायीक बन उपभोक्ता समिति लाई क्रियाशिल बनाईनेछ ।
- भिरालो भुबनोट का कारण हुनसक्ने बाढि पहिरो, भुक्षय जस्ता प्रकृतिक प्रकोपको जोखिम लाई न्युन गर्न दिगो भु-संरक्षण नीति अवलम्वन गरिनेछ ।
- जलबायु परिवर्तनको असर तथा विविध कारणले पानीका मुहानहरु सुक्दै जाने स्थिति देखिएको सन्दर्भमा परम्परागत कुवा, धारा पंधेरा जस्ता पानीको श्रोतहरुको बिशेष संरक्षण गरिने छ ।
- जलवायु परिवर्तन अनुकुल क्षमता बढाउन बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- **"सफा र सुन्दर तादी : स्वच्छ र हरियाली"** भन्ने नारासहित वातावरण संरक्षणका विविध कार्यक्रमहरु संचालन गरिने छ ।
- बिपद व्यवस्थापन लाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा लिई विपद व्यवस्थापन कोषको स्थापना गरिने छ ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- **"स्थानीय सरकार : जनताको नजिकको सरकार"** लाई यथार्थतामा रुपान्तरण गर्न गाउँपालिका बाट प्रदान गरिने सेवालाई छिटो, छरितो नागरिक मैत्री बनाईनेछ ।
- गाउँपालिका क्षेत्रभीत्रको सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन ईलाका प्रहरी कार्यालय संग समन्वयगरी सुरक्षा गस्ति बढाइनेछ ।
- ब्यक्तिगत घटना दर्ता प्रणाली लाई कम्प्युटराईज्ड प्रणालीमा आवद्ध गरी बैज्ञानिक अभिलेख पद्धती संचालनमा ल्याईने छ ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित गर्न बैङ्किङ प्रणालीमा आवद्ध गराईनेछ,
- गाउँपालिकाका कार्यहरुलाई पारदर्शि बनाईने छ । डिजिटल नागरिक वडापत्र, गुनासो सुन्ने प्रभावकारी संयन्त्रको ब्यवस्था गरी नागरीकलाई सुशासन को अनुभुति दिलाउने गरी कार्य संचालन गराईने छ ।
- गाउँपालिका द्धारा संचालित योजना तथा कार्यक्रममा ब्यापक जनसहभागिता परिचालन गरिने छ । योजना संचालनमा अनिवार्य रुपमा स्थानीयको लागत सहभागिता गर्नुपर्ने नीति अवलम्वन गरिने छ ।

सभाका सदस्य ज्यूहरु,

अब म गत आ.व. को यथार्थ खर्च, चालु आ.व. को संशोधित अनुमान र आगामी आ.व. २०७५/०७६ को आय र ब्ययको अनुमान प्रश्तुत गर्ने अनुमति चाहान्छु ।
यस गाउँपालिकाको गत आ.व. २०७३/०७४ मा नेपाल सरकारबाट प्राप्त रु १ करोड रकम मध्ये जम्मा ४९ लाख ८६ हजार ९ सय बहत्तर रुपैंया मात्र खर्च भएको थियो । उक्त मध्येको पुँजीगत तर्फ

४८ लाख १ सय ४८ रुपैंया चालु आ.व. मा बिभिन्न योजना तथा कार्यक्रममा खर्च गर्नेगरी सारिएको छ । त्यसैगरी चालु आ.व.२०७४/०७५ को लागि २१ करोड ५२ लाख २ हजार अनुमान गरिएकोमा २२ करोड १ लाख १४ हजार हुने संशोधित अनुमान पेश गरेकोछु । यो संशोधित सशर्त तर्फ केहि रकम थप भएकोले सो रकम समावेस गरिएको हो ।

सम्मानित सभाका सदस्य ज्यूहरु :-

आगामी आ.व. २०७५/०७६ को लागि कुल रु २८ करोड ३१ लाख ८१ हजार को आय ब्यय अनुमान पेश गरेको छु । यो रकम मध्ये आन्तरीक स्रोत तर्फ बिभिन्न कर तथा शुल्क संकलनबाट रु २४ लाख र गत बर्षको मौज्दात बाट रु ५३ लाख गरी रु ७७ लाख अनुमान गरिएको छ । त्यसै गरी राजस्व बांडफांड (केन्द्र, प्रदेशर जिल्ला) बाट ५ करोड ८९ लाख २६ हजार, बित्तीय समानीकरण अनुदान (प्रदेश तथा केन्द्र) ७ करोड ५४ लाख ३ हजार र सशर्त अनुदान (प्रदेश तथा केन्द्र) बाट १४ करोड ११ लाख ५२ हजार प्राप्त हुने अनुमान पेश गरेको छु । त्यसैगरी ब्यय तर्फ चालु प्रशासनिक खर्च ३ करोड ८८ लाख ५० हजार, पुँजीगत प्रशासनिक खर्च २ करोड १५ लाख, वडा स्तरीय कार्यक्रमहरुको लागि ३ करोड ६० लाख, गाउँपालिकास्तरीय योजनाको लागि ४ करोड ५६ लाख ७९ हजार खर्च हुने अनुमान पेश गरेको छु । यसका साथै सशर्त तर्फको रु १४ करोड, ११ लाख, ५२ हजार तोकिएर आए बमोजिमका कार्यक्रममा खर्च गर्नेगरी ब्यय अनुमान पेश गरेकोछु ।